# नेपाल एकिकृत विकास समाज

## लालवन्दि, सर्लाही

# वार्षिक प्रगती प्रतिवेदन

## आ.व. २०७८/०७९

# अध्याय-एक

## संस्थागत परिचय

### १.१ संस्थाको पृष्ठभूमि

हाम्रो राष्ट्र विकासउन्मुख मुलुकहरु मध्ये एक हो । कुनै पनि राष्ट्रको समुचित विकास गर्नका लागी त्यस राष्ट्रको राजनैतीक, आर्थिक, सामाजिक, सास्कृतिक विकासका साथै मानव विकास गर्नु पर्ने हुन्छ । वास्तवमा मानव विकास विना अरु विकास निरर्थक हुन जान्छ । अर्थात मानव विकास विना राजनैतिक, सामाजिक, सास्कृतिक, आर्थिक विकासको कुनै महत्व हुदैन, तसर्थ देश विकासका लागी मानव विकास अपरिहार्य छ । देशको नागरीकहरुमा भएका ज्ञान, शिप, कला, जागरलाई पहिचान गरी देशको समग्र क्षेत्रमा विकासका निम्ती कुरीती, कुसंस्कार, अशिक्षा, अन्धविश्वास हटाई विश्वमा हाम्रो राष्ट्रको गरिमा वढाउन मानव विकासका साथै आर्थिक, सामाजिक, सांस्कृतिक, वातवरणीय, नेतृत्व विकासहरुको एकिकृत विकासको निम्ती मिति २०६८ साल मंशिर महिना ११ गते जिल्ला प्रशासन कार्यालय, सर्लाहीमा विधिवत रुपमा दर्ता भई नेपाल एकिकृत विकास समाजको स्थापना गरिएको छ ।

### १.२ संस्थाको परिकल्पना (Vision)

समाजमा पछाडी परेका समुदायहरुलाई दिगो आय आर्जनको माध्यमवाट समुन्नत, बहुल र न्यायपूर्ण समाज निर्माणमा स्थानीय समुदायको अग्रसरतामा अहंम भूमिका निर्माण गर्दै गरिवि न्युनिकरण तथा समुन्नत समाजको सिर्जनामा संस्थाको अहम् भूमिका निर्वाह गर्दै बहु पक्षिय समाजिक परिवर्तनको दिशामा निरन्तर अगाडि बढनु ।

### १.३ संस्थाको ध्येय (Mission)

समुदायमा पछाडि पारीएका र परेका नागरिकहरुको सम्मान पूर्वक बाच्न पाउने अधिकारको वारेमा जानकारी दिदै उक्त कार्यमा संस्थाको तर्फबाट सम्पूर्ण प्रयत्नहरु जारीराख्दै समूदायका सदस्यहरुको आय आर्जन बृद्धिमा जोड दिनु र समुदायको अगुवाईमा आवश्यक ज्ञान तथा शीप अभिवृद्धि गर्दै संस्थागत विविधिकरणका साथै सशक्तिकरणको सम्पूर्ण पाटोलाई सकिय बनाउदै अधिकार र कर्तव्य प्रति सचेत र जागरुक नागरिक निर्माण गर्नु ।

### १.४ संस्थाको लक्ष्य

समदुायमा पछाडी पारिएका महिला तथा विपन्न, दलित, जनजाति, अशक्त नागरिक तथा बालबालिकाहरुको पहिचान गरी उनीहरुको समाजमा सम्मानजनक बाच्न र क्षमता अनुसार कामको सुनिश्चीताको लागि जिल्लाकै नेतृत्वदायी भूमिकामा रही पैरवी एवं वकालत गर्ने र समुदाय साथैं नागरिकहरुको सर्वाङ्गीण पक्षमा सुधार ल्याउन यथासक्य प्रयत्नहरु जारी राख्दै सचेत, स्वस्थ, सृजनशिल, जागरुक र स्वावलम्बी नागरिक एवं समाज विकासमा टेवा पुऱ्याउँनु ।

### १.५ संस्थाको उद्देश्यहरु

उल्लेखित उद्देश्यहरुलाई समष्टिगत गरी सारंसमा यस संस्थाको उद्देश्य निम्न अनुसार रहेकोछ । "समुदायका विशेष गरेर विपन्न वर्गहरुको सहभागीतामा स्थानिय तथा वाह्य श्रोत साधन र सिप परिचालन गरी समतामुखी अवधारणा (एकिकृत सामाजिक, आर्थिक, वौद्धिक, क्षमता अभिवृद्धि र वातावरणीय) विकास गर्नुका साथै उनिहरुमा स्वास्थ्य सेवा पुऱ्याई सकारात्मक परिवर्तन ल्याई संस्थागत विकास गर्दै जाने र एक नमुना संस्थाको रुपमा स्थापित हुने " ।

# अध्याय-दुई

## संस्थाले यस आर्थिक बर्ष (२०७८/०७९) मा सम्पन्न गरिएको कार्यक्रमहरु

नेपाल एकिकृत विकास समाजले आर्थिक बर्ष २०७८/०७९ मा निम्न कार्यक्रमहरु सम्पन्न गरिएको छ । कार्यक्रमहरुको बिस्तृत जानकारी तल प्रस्तुत गरिएको छ ।

**१. न्यायिक समितिको क्षमता अभिवृद्धि तथा संचालन कार्यक्रम**

**२. गाँउपालिकाको महत्वपूर्ण कार्यहरुलाई समेटेर गुणस्तरीय भिडियो डकुमेन्ट्री र पुस्तिका प्रकाशन कार्यक्रम**

# अध्याय-तिन

## आर्थिक बर्ष २०७८/०७९ मा संचालित कार्यक्रमहरुको विस्तृत जानकारी

### ३.१ : न्यायिक समितिको क्षमता अभिवृद्धि तथा संचालन कार्यक्रम

परिचय :

चन्द्रनगर गाउँपालिकाको न्यायिक समितिको क्षमता अभिवृद्धि र न्यायिक समितिले गरि आएको कार्यहरुलाई रेकर्ड राख्ने क्षमता अभिवृद्धि तथा समुदायलाई न्याय प्रदान गर्न न्यायिक समितिलाई सहज वनाउनका लागी चन्द्रनगर गाँउपालिका संगको साझेदारीमा आ.व. २०७८/७९ मा यो कार्यक्रम संचालन भएको छ ।

कार्यक्रमको लक्ष्य :

१. चन्द्रनगर गाउँपालिकाको न्यायिक समितिको क्षमता अभिवृद्धि ।
२. न्यायिक समितिको रेकर्डलाई विद्युतीय माध्यममा राख्ने प्रणाली स्थापनामा जोड दिने ।
३. वडा स्तरीय मध्यस्त कर्ताको क्षमता अभिवृद्धि ।
४. नेपाल सरकारको न्यायिक समितिले अपनाएको रेकर्ड राख्ने प्रणाली स्थापना गरिने ।

संचालित कृयाकलापहरु :

## १. शुरुवाती वैठक :

चन्द्रनगर गा.पा.को न्यायिक समितिको विद्यमान अवस्थाको वारेमा छलफल गरी न्यायिक समितिलाई न्याय सम्पादनमा सहयोग पुग्न के कस्ता तालिमको आवश्यक छ भनि वुझ्ने साथै न्यायिक समितिको भुमिका, महत्व तथा अधिकारहरुको वारेमा छलफल गर्ने र यस कार्यक्रम अन्तर्गत संचालन गर्ने कृयाकलापहरुको वारेमा विस्तृत छलफल गरी १६ जनाको उपस्थितीमा यो वैठक सम्पन्न भएको थियो

नेपाल एकिकृत विकास समाजले चन्द्रनगर गा.पा. सितको साझेदारीमा न्यायिक समितिको क्षमता अभिवृद्धि तथा संचालन गर्ने कार्यक्रमहरुको वारेमा जानकारी गराई सरोकारवाला व्यक्तिहरुसंग छलफल तथा सुझाव संकलन गर्नका साथै चन्द्रनगर गा.पा.को न्यायिक समितिको वर्तमान अवस्थाको वारेमा वुझ्न र अगामी कृयाकलापहरु निर्धारण गर्न यो वैठक वाट सहजता भएको थियो ।






## २. न्यायिक समितिको क्षमता अभिवृद्धि तालिम :

चन्द्रनगर गा.पा.को न्यायिक समितिको सदस्य तथा मेलमिलापकर्ताहरु गरी २८ जनालाई नेपालको संविधान तथा स्थानिय सरकार संचालन ऐनमा न्यायिक समिति सम्वन्धि भएका व्यवस्था साथै न्यायिक समितिको भुमिका, महत्व तथा अधिकारहरुको वारेमा जानकारी यस तालिममा गराइएको थियो ।

तालिममा सहभागी न्यायिक समितिका सदस्य, कर्मचारी तथा मेलमिलापकर्ताहरुलाई वर्तमान नेपालको संविधान तथा स्थानिय सरकार संचालन ऐनमा भएको व्यवस्था वारे अभिमुखिकरण गरिएको हुँदा कुन कुन मुद्दा न्यायिक समिति वाट हेर्न मिल्ने भनि प्रष्ट जानकारी तथा छलफल यस तालिममा गराइएको थियो ।









## ३. जिल्ला अदालत संगको समन्वयमा न्यायिक समितिको प्रणाली सवलीकरण :

चन्द्रनगर गाँउपालिकाको न्यायिक समिति वाट न्याय सम्पादन गर्ने कार्य विधि तथा न्याय सम्पादन प्रकृयामा जिल्ला अदालत संग समन्वय गराउनु यस कार्यक्रमको महत्वपुर्ण उद्देश्य रहेको थियो ।

चन्द्रनगर गा.पा.को न्यायिक समितिको सदस्य, मेलमिलापकर्ताहरु तथा कर्मचारीहरु गरी २८ जना सहभागीहरुलाई वर्तमान नेपालको संविधान तथा स्थानिय सरकार संचालन ऐनमा भएको व्यवस्था तथा मेलमिलापकर्ताहरुको भुमिका, महत्व तथा अधिकारहरुको वारेमा छलफल साथै जिल्ला अदालत संगको समन्वय सम्वन्धि छलफल गरिएको हुँदा यो  कार्यक्रम प्रभावकारी भएको थियो ।









**४.      न्यायिक समितिको क्षमता अभिवृद्धि ३ दिने तालिम :**

न्याय सम्पादन प्रक्रियालाई प्रभावकारी रुपमा अगाडी बढाउन र जनतालाई परिणाममुखी न्याय छिटो र छरितो रुपमा समाधान गर्न स्थानिय तहमा न्यायिक समितीको महत्वपुर्ण भुमिका रहेको छ । स्थानिय तहहरुमा विवाद निरुपणका लागि न्यायिक समितीका पदाधिकारीहरुको ज्ञान, शिप र प्रवृत्तिगत पक्षहरुलाई मध्यनजर गरी नेपाल एकिकृत विकास समाज ले स्थानिय तहका कर्मचारीहरुको क्षमता अभिबृद्धि कार्यक्रम अन्तर्गत सर्लाही जिल्लाको चन्द्रनगर गाँउपालिकाका न्यायिक समिती सदस्य तथा मिलापकर्ताहरुको क्षमता अभिवृद्धि गर्ने हेतुले यो तालिम कार्यक्रम आयोजना गरी सम्पन्न गरिएको थियो ।

यस तीन दिने तालिममा स्थानिय तहका न्यायिक समितीका पदाधिकारीहरु लगायत मिलापकर्ताहरुमा गाँउपालिका तथा नगरपालिकाको निती, ऐन, कानून, कार्यबिधि निर्देशिका तथा चन्द्रनगर गाँउपालिका न्यायिक समिती (कार्यबिधि) ऐन, २०७४ कार्वान्वयन गर्ने सम्वन्धी ज्ञान र सिपमा अभिवृद्धि भएको थियो । मुलत यस तालिमबाट स्थानिय तहले निर्माण गरेको कानून तथा सो को कार्वान्वयन गर्ने सम्वन्धमा आधारभुत ज्ञान र कानून किन र कसले बनाउदछ भन्ने बारेमा ज्ञान र सिपको अभिबृद्धि हुनुका साथै न्यायमुखी बिवाद निरुपणका तरिकाहरुको प्रयोग गर्न सक्ने सिपको विकार भएको थियो ।









## ५. वडा स्तरिय मध्यस्थकर्ता (मेलमिलापकर्ता) को क्षमता अभिवृद्धि तालिम :

न्यायिक समिति सम्वन्धि संविधान तथा स्थानिय सरकार संचालन ऐनमा भएको व्यवस्था वारे जानकारी तथा मेलमिलापकर्ताहरुको भुमिका, महत्व तथा अधिकारहरुको वारेमा छलफल गर्न यो तलिम संचालन गरिएको थियो ।





## ६. न्यायिक समितिको उजुरी कारवाही किनारा लगाउँदा अपनाउनु पर्ने कार्यविधिको अद्यावधिक :

न्याय सम्पादन प्रक्रियालाई प्रभावकारी रुपमा अगाडी बढाउन र जनतालाई परिणाममुखी न्याय छिटो र छरितो रुपमा समाधान गर्न स्थानिय तहमा न्यायिक समितीको महत्वपुर्ण भुमिका रहेको छ । स्थानिय तहहरुमा विवाद निरुपणका लागि न्यायिक समितीका पदाधिकारीहरुको ज्ञान, शिप र प्रवृत्तिगत पक्षहरुलाई मध्यनजर गरी नेपाल एकिकृत विकास समाज ले स्थानिय तहका कर्मचारीहरुको क्षमता अभिबृद्धि कार्यक्रम अन्तर्गत सर्लाही जिल्लाको चन्द्रनगर गाँउपालिकाका न्यायिक समिती सदस्य तथा मिलापकर्ताहरुको क्षमता अभिवृद्धि गर्ने हेतुले तालिम कार्यक्रम आयोजना गरी सम्पन्न गरिएकोमा न्यायिक समितिले प्रचलित कानून बमोजिम उजुरीकोकारवाही र किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिको वारेमा छलफल तथा कानून बमोजिम चन्द्रजगर गाँउसभाले बनाएको ऐनमा मुख्यरुपमा केन्द्रित रहि सञ्चालन गरिएको कार्यक्रममा प्रशिक्षण मार्गदर्शन, प्रशिक्षण योजना, सत्र योजना, प्रस्तुती सामाग्री, अभ्यास पत्र, सहभागीहरुका लागि अध्यन सामाग्री र कार्यमुल्याङ्कन जस्ता बिबिध विषयहरु समावेश गरिएको तथा न्यायिक समितीले हेर्ने विवादहरुको प्रयोगात्मक अभ्यास समेत गरिएको र सो कार्यकमको आधारमा रहि न्याय सम्पादन प्रकियामा कसरी उक्त पालिकाको न्यायिक समितीले कार्य गरिरहेको छ भनि सो को अध्यन, अन्तरकिया समेत गरी मुल्याङ्कन तथा पृष्ठपोषणका लागि यो चार दिने कार्यकम सम्पन्न गरिएको थियो । यस चार दिने अध्यन तथा छलफल कार्यकममा स्थानिय तहका न्यायिक समितीका पदाधिकारीहरु लगायत मिलापकर्ताहरुमा चन्द्रनगर गाँउपालिकाको निती, ऐन, कानून, कार्यबिधि निर्देशिका तथा चन्द्रनगर गाँउपालिका न्यायिक समिती (कार्यबिधि) ऐन, २०७४ कार्वान्वयन गर्ने सम्वन्धी प्रकियाका ज्ञान र सिपमा अभिवृद्धि भएको थियो । मुलत यस कार्यकमबाट स्थानिय तहले निर्माण गरेको कानून तथा सो को कार्वान्वयन गर्ने सम्वन्धमा तयार गर्नुपर्ने मिसिलको आधारभुत ज्ञान र मिसिल के कसरी तयार

गर्ने भन्ने बारेमा ज्ञान र सिपको अभिबृद्धि हुनुका साथै न्यायमुखी बिवाद निरुपणका लागि चुस्त र दुरुस्त मिसिल तयार गर्ने तरिकाहरुको प्रयोग गर्न सक्ने सिपको विकास भएको थियो ।

:





## ७. न्यायिक समितिलाई आवश्यक पर्ने फर्म तथा स्टेश्नरी सहयोग :

न्यायिक समितिलाई तपशिल वमोजिमको सामग्री उपलब्ध गराइएको थियो ।

- उजुरी दर्ता २००० थान
- तारेख पर्चा १५०० थान
- म्याद सूचना २००० थान
- मेलमिलापकर्ता निवेदन २००० थान
- लेटर प्याड २००० थान
- राय किताव रजिष्टर २ थान
- मुद्दा मुलतवी तथा अभिलेख रजिष्टर २ थान

## सारांश उपलब्धि :

१. चन्द्रनगर गाउँपालिकाको न्यायिक समितिको क्षमता अभिवृद्धि हुनुका साथै न्यायिक प्रणालीमा सवलिकरणका लागी जिल्ला अदालत संग समन्वय भएको ।
२. वडा स्तरको मध्यस्त कर्ताहरुले समुदायको सानो सानो विवाद निरुपणका लागी प्रकृयागत रुपमा जानकार भएको ।
३. चन्द्रनगर गा.पा.को न्यायिक समितिमा न्यायिक समितिको रेकर्ड राख्ने प्रणालीमा सुधार भएको ।
४. समुदाय स्तरमा न्याय प्रतिको विश्वसनियता थप बढनु ।

## ३.२ : गाँउपालिकाको महत्वपूर्ण कार्यहरुलाई समेटेर गुणस्तरीय भिडियो डकुमेन्ट्री र पुस्तिका प्रकाशन कार्यक्रम

### परिचय :

चन्द्रनगर गाउँपालिकाले २०७४ साल श्रावण महिना देखि गरि आएको महत्वपूर्ण कार्यहरुको दस्तावेजीकरण गरि यसलाई पुस्तिकामा प्रकाशन गर्नु तथा भिडियो डकुमेन्ट्री तयार गर्न चन्द्रनगर गाँउपालिका संगको साझेदारीमा आ.व. २०७८/७९ मा यो कार्यक्रम संचालन भएको छ।
चन्द्रनगर गाउँपालिकाका जनसमुदाय, लाभान्वित वर्ग तथा सञ्चारलाई अहिले सम्म गरि आएको कार्यको बारेमा जानकारी गराउने तथा जनसमुदायलाई पालिकासँग जोड्नको लागि यसले थप टेवा पुर्याएको छ। अहिले सम्म गुनासो तथा प्रश्न गर्नेहरु प्रति पुस्तिका तथा भिडियो डकुमेन्ट्री मार्फत जानकारी गराइएको तथा गा.पा. को योजनाहरुले जनसमुदाय कसरी लाभान्वित भए भनेर पारदर्शि रुपमा प्रस्तुत गरिएको छ।

### कार्यक्रमको लक्ष्य :

१. चन्द्रनगर गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ देखि ०७८/०७९ को पौष मसान्त सम्पन्न गरिएका योजनाहरुको दस्तावेजिकरण गर्नु।
२. उक्त दस्तावेजहरुलाई पुस्तिकाको रुपमा प्रकाशन गर्नु।
३. उक्त अवधि भित्र गरिएका उल्लेखनीय कार्यहरुको भिडियो डकुमेन्ट्री बनाइ टेलिभिजन मार्फत प्रशारण गर्नु।

### संचालित कृयाकलापहरु :

**१. शुरुवाती वैठक :**

नेपाल एकिकृत विकास समाजले चन्द्रनगर गा.पा. सितको साझेदारीमा गा.पा.को महत्वपूर्ण कार्यहरुलाई समेटेर गुणस्तरीय भिडियो डकुमेन्ट्री तथा पुस्तिका प्रकाशन कार्यक्रमको वारेमा जानकारी गराई सरोकारवाला व्यक्तिहरुसंग छलफल तथा सुझाव संकलन गर्नका साथै चन्द्रनगर गा.पा.मा हाल सम्म सम्पन्न भएका महत्वपूर्ण योजनाहरुको वारेमा छलफल गर्न १६ जनाको उपस्थितीमा यो वैठक सम्पन्न भएको थियो





## २. गाँउपालिका संगको समन्वय वैठक :

चन्द्रनगर गाँउपालिकाले गरेको कार्यहरु तथा योजनाहरु मध्ये कुन कुन कार्य तथा योजनाहरु पुस्तिकामा समावेश गर्ने र भिडियो डकुमेन्ट्रीमा काहाको दृष्यहरु समावेश गर्ने साथै पालिकाको तर्फ वाट कसरी सहजीकरण गर्ने सम्वन्धि छलफल गर्न मिति २०७८/९/१३, २०७८/९/१७ र २०७८/१०/३ मा चन्द्रनगर गाँउपालिका तथा नेपाल एकिकृत विकास विच समन्वय वैठक वसि विस्तृत छलफल तथा निर्णय गरियो ।

## ३. गाँउपालिका संगको ड्राफ्ट माथी छलफल वैठक :

नेपाल एकिकृत विकास समाज ले तयार पारेको ड्राफ्ट पुस्तिका तथा भिडियो डकुमेन्ट्री चन्द्रनगर गाँउपालिका समक्ष प्रस्तुत गरि पृष्ठपोषण लिनका लागी मिति २०७८/१०/१७, २०७८/११/१३ र २०७८/११/१६ मा वैठक वसियो वैठकमा गा.पा.को सल्लाह सुझाव अनुसार पुस्तिका तथा भिडियो तयार गरि पुस्तिका छपाई कार्य र डकुमेन्ट्री टेलिभिजनमा प्रशारण गर्ने निर्णय गरियो ।

## ४. भिडियो डकुमेन्ट्री निर्माण तथा टेलिभिजनमा प्रशारण :

चन्द्रनगर गाँउपालिका र यस संस्था विच भएको सम्झौता अनुसार गा.पा. संगको समन्वयमा गा.पा. को शशर्त तथा गा.पा.को विनियोजित रकमहरु वाट लगानी भएका शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार, धार्मिक स्थल लगायत अन्य महत्वपूर्ण आयोजनाहरुका साथै स्थानिय वासी, गा.पा.का कर्मचारी र जनप्रतिनिधीहरु समेतको २३ मिनेट ३० सेकेन्ड लामो भिडियो डकुमेन्ट्री निर्माण गरी राष्ट्रिय टेलिभिजन एभेन्युज टि.भि.मा मिति २०७९/१/५ गते दिउसो ४:३० वजे प्रशारण गरिएको थियो ।







ताजा खबर
जर्मन बुन्डेस लिगामा बायर्न म्युनिख विजयी




चन्द्रनगर गाउँपालिका


ताजा खबर
नियोजित रुपमै रुसले मारिओपोलमा आक्रमण गरेको आरोप ।
16:41


ताजा खबर
कम्तीमा ४७ जनाको मृत्यु, मृत्यु हुनेमा अधिकांश महिला र बालबालिका ।
16:41


चन्द्रनगर गाउँपालिका
ताजा खबर
आईपीएल क्रिकेटमा राजस्थान र कोलकत्ता भीड्दै
16:42


FLASH NEW


शिवनाथ साह
ताजा खबर
स्थानीय तहको निर्वाचन कुनै हालतमा नसर्ने माओवादी अध्यक्ष दाहालको भनाइ
16:43


ताजा खबर
आफ्नै बलबुतामा तयारी थाल्न कार्यकर्तालाई निर्देशन ।
16:48


आधार
महेन्द्र महतो
16:49
ामा ५६ खेलाडीहरुबीच प्रतिस्पर्धा हुने ।



ताजा खबर
आजदेखि १२ गतेसम्म वीणा उल्का वर्षा सक्रिय
16:49
रुसले मारिओपोल सहरको अस्तित्व मेटाइ दिएको


चन्द्रनगर गाउँपालिका
ताजा खबर
रुसले मारिओपोल सहरको अस्तित्व मेटाइ दिएको युक्रेनको भनाइ
16:50
स गर्नुहोला ।
राष्ट्रिय खबरः राष्ट्रिय खबर


ताजा खबर
आजको खेलमा चौथो जित निकाल्ने दुबै टोलीको लक्ष्य ।
16:51
आ-आफ्नो दलभित्र छलफलमा व्यस्त ।

## ५. पुस्तिका प्रकाशन :


चन्द्रनगर गाँउपालिका र यस संस्था विच भएको सम्झौता अनुसार गा.पा. संगको समन्वयमा गा.पा. को शशर्त तथा गा.पा.को विनियोजित रकमहरु वाट लगानी भएका शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार, धार्मिक स्थल लगायत अन्य महत्वपूर्ण आयोजनाहरुको विनियोजित रकम, खर्च रकम, आयोजना स्थलको ठेगाना, लाभान्वित घरधुरी, फोटोहरु लगायत अन्य विवरणहरु समावेश गरी ३६ पृष्ठको २०० प्रति पुस्तिका प्रकाशन गरी स्थानियवासी तथा सरोकारवालाहरुलाई वितरण गर्न गाँउपालिकालाई हस्तान्तरण गरिएको थियो ।


चन्द्रनगर गाउँपालिकाको
आ.व. २०७४/०७५ देखि आ.व. २०७८/०७९ सम्म
सञ्चालित मुख्य परियोजनाहरुको
संक्षिप्त जानकारी पुस्तिका

सम्पादकः
नेपाल एकिकृत विकास समाज (NIDS)

प्रकाशनः
चन्द्रनगर गाउँ कार्यपालिकाको कार्यालय
चन्द्रनगर, सर्लाही
इमेलः chandranagar111@gmail.com
वेबसाईटः www.chandranagrmun@gov.np

साझेदारी सहयोगः
नेपाल एकिकृत विकास समाज (NIDS)
लालवन्दि, सर्लाही
इमेलः nidslalbandi@gmail.com






सारांश उपलब्धि :

१. चन्द्रनगर गाउँपालिकाको विगत ५ वर्षमा सम्पन्न भएका महत्वपूर्ण योजनाहरुको दस्तावेज गरि पुस्तिकामा प्रकाशन हुँदा स्थानियवासी तथा अन्य सरोकारवालाहरु सुसुचित भएको ।

२. चन्द्रनगर गाउँपालिकाको संक्षिप्त कार्यहरुको २३ मिनेट ३० सेकेन्डको भिडियो डकुमेन्ट्री टेलिभिजनमा प्रशारण हुँदा करिव ३० लाख जना भन्दा वढीले चन्द्रनगर गाँउपालिकाको वस्तु स्थिती तथा गाँउपालिकाले गरेको कामहरुको वारेमा जानकारी तथा सुसुचित भएको ।

३. चन्द्रनगर गाउँपालिकाले संचालन गरेका कामहरुको पारदर्शिता भएको ।

४. समुदाय स्तरमा गाँउपालिका प्रतिको विश्वसनियता थप बढनु ।

# समाप्त